**Tribhuvan University Journal**
**Vol. 35, No. 1: 193-208, June, 2020**
**Research Directorate, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v35i1.35881

# वैदिक सामाजिक संरचना र लैङ्गिकताको सवाल

**_शुक्रराज अधिकारी_**

*सहप्राध्यापक, सामाजिक कार्य विभाग, कीर्तिपुर, त्रिवि*

*इमेल : shukra@mswtu.edu.np*

## लेखसार

वैदिक सामाजिक संरचनालाई प्राचीन ग्रन्थ वेदले प्रतिनिधित्व गर्ने कालखण्डको परावर्तित स्वरूपको रूपमा बुझिन्छ। यस आलेखको उद्देश्य त्यही प्राचीन ग्रन्थ वेदले प्रतिनिधित्व गर्ने कालखण्डको सामाजिक संरचनाभित्र पुरुषत्व तथा नारीत्व र दाम्पत्य सम्बन्धको विश्लेषण गर्दै लैङ्गिकता निर्माणका तथ्यहरूसँग सैदान्तिक बहसमा केन्द्रित सैद्धान्तिक मान्यताहरूको सादृश्यता खोज्ने रहेको छ । उल्लिखित उद्देश्य प्राप्तिको लागि वेद, वेदको ऐतिहासिकता, ऐतिहासिक सन्दर्भहरू, विभिन्न लैङ्गिक अध्ययनहरूलाई सूचनाको स्रोतको रूपमा लिइएको छ। यस अध्ययनमा मुख्य गरी द्वितीय स्रोतमा आधारित तथ्यहरूको बढी प्रयोग गरिएको छ । संकलित तथ्यहरूलाई विश्लेषणका लागि ऐतिहासिक अन्तर्वस्तु विश्लेषण विधिलाई प्रयोगमा ल्याइएको छ । वेदकालीन सामाजिक संरचना पशुपालन र पितृसत्तात्मक स्वरूपको भएकाले वेदकालीन परिवार एवम् राज्यमा पुरुष वंश र नेतृत्व स्थापित भएको पाइयो । उत्पादन तथा श्रममूलक कार्य अन्तर्गत घरायसी कार्यमा महिलाको र बाह्य काममा पुरुषको संलग्नता बढी रहने गरेको देखिए पनि यज्ञ, संस्कार, युद्ध एवम् राजनीतिक कार्यमा महिला पुरुष दुवैको सहभागिता रहेको देखिएको छ । साधन स्रोतको विस्तार र राज्य व्यवस्थाको निर्माणसँगै नेतृत्वमा स्थापित भएको राजन्य एवं पुरोहितवर्गले वैदिक आर्यहरूको प्रजातीय शुद्धता कायम राख्ने हेतुले निर्माण गरेका विभिन्न संस्कारजन्य विधि विधानहरूप्रतिको विश्वास र अभ्यासबाट वेदकालीन समाजमा एकीकृत भूमिका, निष्ठा र मर्यादा सहितको दाम्पत्य सम्बन्धको विकास गराएको देखिन्छ ।

**शब्दाकुञ्जी :** आर्य - पुरुषत्व - नारीत्व - दाम्पत्य - पितृसत्ता ।

## विषयपरिचय


समाजशास्त्रीय अर्थमा हरेक ज्ञान, सामाजिक घटना तथा परिवेश, ऐतिहासिक सामाजिक सन्दर्भबाट निर्माण र परिमार्जित हुँदै जान्छ (Farely 1999)। हरेक खालका ज्ञानका सँगालाहरू, शास्त्रगत अभिलेखहरू, विधि विधान तथा नियमहरू तत्कालीन सामाजिक तथा

सांस्कृतिक संरचनाका उपज हुन् । साहित्य तथा शास्त्र समाजको ऐना हो । त्यसैले शास्त्रगत मान्यतालाई व्याख्या गरिरहँदा शास्त्र निर्माण भएको समय, त्यस समयका मानिस, ती मानिसको जीवनचर्या, आवश्यकता, त्यसबेलाको राजनीतिक नेतृत्व धार्मिक नेतृत्व त्यसको ऐतिहासिकता आदिका बारेमा खोतल्नु आवश्यक हुन्छ (Matson 2005) । तब मात्र प्रस्तुत शास्त्रमा किन त्यस्ता नियम, विधि, सन्दर्भ, व्याख्या समेटिए त ? भन्ने बारेमा सोच्न सकिन्छ । हरेक ज्ञान तथा विचार समाज व्यवस्थाका कारण निर्माण हुँदै गएको हुन्छ । हरेक सामाजिक, सांस्कृतिक पक्षका पछाडि कुनै न कुनै कारण लुकेको हुन्छ (Harris 1971) । भलै वर्तमानमा त्यसबेलाको कारणको सान्दर्भिकता फेरिन पनि सक्दछ । तर त्यसबेलाको सन्दर्भले त्यसलाई जन्माएको हुन्छ । त्यसकारण शास्त्रगत धारणा तथा विचार निर्माणमा त्यस समयले बोकेको समय सन्दर्भको ठूलो महत्त्व रहने गर्दछ । समकालीन क्षेत्रको आधारमा लैङ्गिकता विश्लेषण गर्दा एकातर्फ ऐतिहासिकता र त्यसको प्रभाव पक्ष छुट्न गई अपुरो हुन जान्छ भने अर्कातर्फ शास्त्रगत आधारमा मात्र विश्लेषण गर्दा त्यो शास्त्र निर्माण गर्ने समाज व्यवस्था त्यसको परिवेश कस्तो थियो भन्ने पक्ष छुट्न गई लैङ्गिकताको निर्माण पक्ष अपूरै रहन्छ । लैङ्गिकता निर्माणको पक्षमा अपूरा रहेका यिनै ऐतिहासिकता, त्यसको प्रभाव, शास्त्र निर्माण भएको समाज व्यवस्था, त्यसको जग लगायतका सवाललाई नखोतली लैङ्गिकता निर्माणको प्रक्रियालाई वास्तविक रूपमा पहिल्याउन सकिँदैन भन्ने मान्यतामा, मानव समाजको सर्वप्राचीन मानिने ग्रन्थ वेदले प्रतिनिधित्व गर्ने कालखण्डको समाज व्यवस्थाभित्रको लैङ्गिकताको निर्माण प्रक्रियालाई खोतल्ने हेतुले यस अलेखलाई अगाडि बढाइएको छ ।

## उद्देश्य तथा विधि

यस आलेखको उद्देश्य प्राचीन ग्रन्थ वेदले प्रतिनिधित्व गर्ने सामाजिक संरचनाभित्र पुरुषत्व र नारीत्व निर्माण, वेदकालीन समाजको दाम्पत्य सम्बन्धको विश्लेषण गर्दै वेदकालीन समाजको विशेषताहरूको विश्लेषणको आधारमा प्राप्त भएका लैङ्गिकता निर्माणका तथ्यहरूसँग सैद्धान्तिक बहसमा केन्द्रित सैद्धान्तिक मान्यताहरूको सादृश्यता खोज्ने रहेको छ । उल्लिखित उद्देश्य प्राप्तिको लागि वेद, वेदका प्रकार, वेदको ऐतिहासिकता, ऐतिहासिक सन्दर्भहरू, विभिन्न लैङ्गिक अध्ययनहरू, विभिन्न पुस्तकालयहरू एवम् विज्ञसँगको अन्तरक्रियालाई सूचनाको स्रोतको रूपमा लिइएको छ । यस अध्ययनमा मुख्य गरी द्वितीय स्रोतमा आधारित तथ्यहरूको बढी प्रयोग गरिएको छ । गुणात्मक विधिअन्तर्गत ऐतिहासिक अन्तर्वस्तु विश्लेषण विधिलाई प्रयोगमा ल्याइएको छ । यस विधि प्रयोग गर्दा भाषा-व्याकरण तथा अनुवाद, ऐतिहासिक तिथि मितिको किटानी, दृष्टिकोणको विविधतालगायतका विभिन्न समस्याहरू आइपरेका छन् ।

## अवधारणात्मक खाका




**चित्र–१:** अवधारणात्मक खाका

यस आलेखको उद्देश्य वेदकालीन सामाजिक संरचनाभित्र लैङ्गिकताको सवाल विश्लेषण गर्ने रहेको छ । हरेक सामाजिक संरचना आफ्नै ऐतिहासिक जगमा खडा भएको हुन्छ । त्यही ऐतिहासिक जगका आधारमा निर्माण हुँदै गएका उत्पादन पद्धति, सामाजिक मूल्यमान्यताहरू, विवाह, परिवार, राजनीति, धर्म, लगायतका विभिन्न सामाजिक एकाईहरूको सम्बन्धबाट सामाजिक संरचना तयार हुन्छ । त्यही संरचनाभित्रको समाज व्यवस्थामा निर्माण हुँदै गएको पुरुषत्व तथा  नारीत्व र  दाम्पत्य सम्बन्धले लैङ्गिकताको सवाल तथा  निर्माण पक्षलाई इङ्गित गरेको हुन्छ भन्ने अवधारणामा (जसलाई माथिको चित्र १ मा देखाएको छ ) यस आलेख अगाडि बढाइएको छ ।

## सैदान्तिक बहस

मार्क्स र एङ्गेल (1969) ले उत्पादनका साधन र स्रोतमाथि निजी स्वामित्व स्थापित हुन थालेपछि साधन स्रोतको विस्तार गर्ने, साधनस्रोतको विस्तार र कब्जासँगै आफ्नो शक्ति एवम् प्रमुख स्थापित गर्न विभिन्न समूहहरूका बीचमा आपसी टकराब एवम् संघर्ष हुने गर्दछ  भनेका छन् । जुन समूह तथा वर्गले साधन स्रोतमाथि आफ्नो स्वामित्व स्थापित गर्दछ । त्यही वर्गले राज्यसत्ता आफ्नो हातमा लिन्छ, आफ्नो राज्य सत्ता टिकाई राख्न एवम् सञ्चालन गर्न आफ्नो अनुकूल हुने गरी समाज व्यवस्थाभित्र विभिन्न विधि, नियम, मान्यताहरूको निर्माण गर्दछ  । तिनै मान्यताहरूको माध्यमबाट समाज व्यवस्था सञ्चालन हुने गर्दछन् भन्ने सैद्धान्तिक दृष्टिकोणको व्याख्या गरेका छन् । समाजको जग तथा आधार संरचना भित्र आर्थिक क्रियाकलाप उत्पादन व्यवस्था रहने गर्दछ । तीनै उत्पादनका साधनस्रोतमा आफ्नो पहुँच स्थापित गर्ने वर्गले समाज व्यवस्था तथा

राज्य व्यवस्थाको नेतृत्व हात पार्दछ । त्यही वर्गले आफ्नो नेतृत्वलाई टिकाइरहने हेतुले त्यही स्वरूपमा समाज व्यवस्थाभित्र विभिन्न राजनैतिक नियम, मूल्यमान्यता, सांस्कृतिक स्थितिहरू निर्माण गर्दै जान्छन् । यसरी समाज व्यवस्थाको नेतृत्व सधैं वर्गीय हुने गर्दछ भन्ने धारणा मार्क्सवादी दृष्टिकोणले राख्दछ (Coser 1996) । मार्क्सवादी महिलावादले समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ त्यसरी नै लैङ्गिक आधारमा पनि विश्लेषण गर्न जरुरी छ भन्ने मान्यता राख्दछ । समाजमा विद्यमान वर्ग र आर्थिक संरचनाको कारणले नै सामाजिक तथा सांस्कृतिक असमानताहरू जन्मन्छन् भन्ने मार्क्सवादको मूल तत्त्व मार्क्सवादी नारीवादमा स्थापित छ । यसले व्यक्तिगत सम्पत्तिको उत्पत्ति र विकासपछि महिला-पुरुषबीचको विभेदको इतिहास सुरु भएको मान्दछ । यस्तो विभेद उत्पादन शक्ति माथिको स्वामित्वले सृजना हुन्छ । व्यक्तिगत सम्पत्तिको विकास र रक्षाको लागि नै एकल-गामी विवाहको विकास भएको हो । सम्पत्तिको रक्षाको लागि एक व्यक्ति विशेषगरी पुरुषको सम्पत्ति माथिको स्वामित्वको विकासले गर्दा महिलाहरूको निर्भरता पुरुषसँग बढ्दै जान्छ (Engels 1902) ।

यस दृष्टिकोणको आधारमा हरेक समाज व्यवस्थाभित्र निर्माण हुने पुरुषत्व र नारीत्वको निर्माण प्रक्रिया पनि उत्पादनका साधन स्रोतको बिस्तार, त्यस माथिको स्वामित्व एवम् प्रमुख प्रभुत्वसँग सम्बन्धित हुने देखिन्छ । हरेक समाज व्यवस्थाभित्र पुरुष तथा महिलाका विशेष गुण, क्रियाकलाप, भूमिका संलग्नता जस्ता कुराहरू त्यस समाज व्यवस्थाको नेतृत्व गरेको वर्ग र त्यस वर्गले निर्माण गरेका आस्था, विश्वास, चलन, परम्परासँग सम्बन्धित हुने गर्दछ भन्ने देखिन्छ । त्यसैगरी, जर्ज पिटर मुरडकलाई उद्धृत गर्दै Haralambos र Heald (2010) ले पुरुषको शारीरिक सबलताका कारण उसले खानीमा काम गर्ने, घर बनाउने, जमिन सम्याउने जस्ता विभिन्न कठिन र जोखिमपूर्ण कार्य गरेर आफूलाई उच्च सावित गर्न सक्यो तर महिलाहरूको गर्भधारण गर्नु पर्ने शारीरिक बोझले गर्दा घरवरपरकै पानी भर्ने, तरकारी लगाउने जस्तो हलुका खालका काममा संलग्न हुनुपर्ने स्थिति रह्यो भन्ने तर्क गरेका छन् । उनले जैविक लिङ्गको आधारमा नै महिला पुरुषको श्रमविभाजन हुँदै गएको बताएका छन् । उग्रनारीवादीहरूले महिला उत्पीडनको जरो न त उत्पादन प्रणालीमा न त खाली समाजको शिक्षा दीक्षामा नै देख्छन् । बरु उनीहरू पुरुष जातिलाई नै महिला उत्पीडनको मूल स्रोतको रूपमा बुझ्दछन्। पितृसत्ताले सामाजिक लिङ्ग तथा नारित्वलाई पुरुषको यौन प्रभुत्व तथा महिलाहरूको यौन समर्पणलाई बढाउने ढङ्गले निर्माण गरेको छ भन्ने यस धारको तर्क छ । उग्र नारीवादका संस्थापकहरूले महिलाहरूको शारीरिक बनोट तथा मनोवैज्ञानिक चरित्रका बन्धनकारी परिणामहरूलाई जोड दिए । यिनीहरूले महिलाहरूको लागि प्रजनन स्वेच्छ र नियन्त्रणको अधिकारलाई जोड दिनुका साथै

परम्परागत सामाजिक लिङ्ग तथा यौनिकताको बृहत्समाज व्यवस्थालाई भत्काउन खोजेका छन् (Ollenburger & Moore 1992) र Walby (1990) पितृसत्तालाई पुरुष निर्मित धारणा मान्दै जुन सामाजिक, आर्थिक तथा राजनैतिक प्रक्रियाबाट ऐतिहासिक रूपमा विकास हुँदै आएको बताएकी छिन् । उनले पितृसत्ताले पुरुषलाई महिलाभन्दा उच्च ठान्दछ । यो सामाजिक संरचना र अभ्यासको एक प्रणाली हो । जहाँ पुरुषले महिला उपर दमन, शोषण र अधिनस्थता कायम गर्दछ भन्ने तर्क गरेकी छिन् ।

## प्राप्ति र छलफल

### वैदिक सामाजिक तथा सांस्कृतिक सूचना

प्रारम्भमा पशुपालन र पितृसत्तात्मक पारिवारिक ढाँचामा वेदकालीन सामाजिक संरचना निर्माण हुँदै गएको पाइएको छ (Koshambi, 2002) । विवाह, परिवार, वर्णव्यवस्था, आश्रम व्यवस्था, तीन ऋण यज्ञ परम्परा, दास प्रथा लगायतका एकाईहरू वेदकालीन सामाजिक संरचनाका तत्त्वहरूको रूपमा रहेको पाइन्छ (दुवे, २००९) । आर्य र आर्यभित्रका विभिन्न उपसमूहहरू, द्रविडलगायतका विभिन्न अनार्यहरूबीच साधन स्रोतको विस्तारीकरणमा उल्लेख्य रूपमा युद्धहुने गरेको देखिन्छ (Thapar 2008 a & b) । वेदकालीन समाजको राज्य व्यवस्था निर्माण हुने क्रममा राजन्य, पुरोहित (ब्राह्मण), विश (वैश्य) र शुद्र गरी चारवटा सामाजिक वर्ग (वेदमा यसलाई वर्ण व्यवस्थाको रूपमा उल्लेख गरिएको छ) को निर्माण भएको छ (Sharma 2005) । राज्यको नेतृत्वगर्ने वर्गको रूपमा राजन्य, राजन्य वर्गलाई सघाउने धार्मिक एवम् वैचारिक समूहको रूपमा कार्य गर्ने वर्गको रूपमा पूरोहित तथा ब्राह्मणवर्ग रहने गरेको पाइयो । पशुपालन एवम् कृषि कार्यमा संलग्न रहेको समूह विशवर्गको रूपमा र युद्धबाट हराएर ल्याइएका मानिसहरूको समूह शुद्र वर्गको रूपमा रहेको देखिन्छ (थापर २००१) । त्यस समयमा कुल, ग्राम, विश, जन लगायतका विभिन्न राजनैतिक निकायहरूको विकास भएको देखियो (Sharma 2005) । वेदकालीन समाजमा प्राकृतिक वस्तुहरू र त्यसबाट प्राप्त हुने शक्तिप्रति प्रभावितहुँदै वैदिक आर्यहरूले जल, अग्नि, वायु, सूर्य लगायतका विभिन्न प्राकृतिक शक्तिहरूलाई संसारकै प्राथमिक शक्तिका रूपमा लिदै देवताको रूपमा आराधना गर्ने तथा पुज्ने गरेको देखिन्छ (वैद्य २०७४) । त्यस समाजमा धर्मभक्ति योग, यज्ञ, कर्मकाण्ड, पुनर्जन्म लगायतका धार्मिक कृत्य एवम् विश्वास रहेको पाइयो । त्यस समयमा यज्ञले सामाजिक, सांस्कृतिक एवम् आर्थिक संस्थाको रूपमा कार्य गरेको देखियो । अग्निको संरक्षण र विकासबाट सुरु भएको यज्ञ परम्परालाई पुरोहित वर्गले कर्मकाण्डी पेशामा जोडेपछि विवाह, जन्म, मृत्यु, उपनयन लगायतका विभिन्न संस्कारजन्य कार्यमा पनि यज्ञजन्य प्रक्रियाहरू जोडिँदै आएको पाइन्छ (द्विवेदी २००८) ।

वेदकालीन समाजमा बहादुर, बलवान्, पुत्रवान्, युद्धजयी, पराक्रमी, धनवान्जस्ता गुण भएको पुरुषलाई उच्च कोटीको पुरुष र सन्तानवती, पुत्रवती, सुशील, स्वस्थ, बुद्धिमती, ज्ञानले सम्पन्न एवम् सहयोगी गुण भएको स्त्रीलाई उच्च कोटीको स्त्रीको रूपमा चर्चा गरेको पाइयो (Altekar, 1959) । त्यस समयमा पुरुषहरू साधन स्रोतको विस्तार एवम् घरको बाह्य काममा र महिलाहरू घरभित्रको कामकाज एवम् साधनस्रोतको व्यवस्थापनमा संलग्न रहेको पाइयो । उत्पादनमूलक एवम् श्रममूलक कार्य, यज्ञजन्य कार्य, संस्कारजन्य कार्यलगायतका विभिन्न कार्यमा महिला पुरुष दुवैको सहभागिता रहे पनि तुलनात्मक रूपमा पुरुषहरूको सहभागिता बढी रहेको देखियो । वेदकालीन समाजमा ब्रह्म, दैव, आर्ष, असुर, राक्षसलगायतका दाम्पत्य सम्बन्धका स्वरूपहरू रहेको पाइयो । गृहस्थ प्रवेश, व्यक्तित्वको पूर्णता, ऋणको परिशोधन, संस्कारजन्य कार्यलगायतका उद्देश्य पूरागर्ने हेतुले त्यस समयमा दाम्पत्य सम्बन्धको स्थापना हुने गरेको पाइयो(काणे, १९९२) । पुरोहित वर्गले वर्ण र आश्रम व्यवस्था अनुकूल हुनेगरी निर्माण गरेका विवाह, संस्कारभित्रका विभिन्न संस्कारजन्य कार्यले दाम्पत्य निष्ठा, प्रेम र मर्यादाको विकास भएको देखियो ।

## पुरुषत्व तथा नारीत्व निर्माण

माथि उल्लेख भएका वेदकालीन सामाजिक संरचनाका सूचनाहरूले वेदकालीन समाज पशुपालन र पितृसत्तात्मक स्वरूपमा रहेको तथ्यप्रदान गरेका छन् । प्रारम्भिक चरणमा वेदकालीन आर्यहरूको जीवन निर्वाहको माध्यम पशुहरू थिए । पशुमध्येमा पनि गाईको अधिक महत्त्व थियो । त्यससँगै घोडा, भेडा, बाख्रा लगायतका जनावरहरूको पालन हुने गर्दथ्यो (Das 1972) । पशुधनको विस्तारीकरणसँगै पितृवंश, पितृवंशको अभ्याससँगै पुरुषउत्तराधिकार, वंश र उत्तराधिकारले स्थापित गरेको पितृसत्ता त्यही पितृसत्तात्मक ढाँचामा पुरुषत्व र नारीत्व निर्माण हुँदै गइरहेको थियो । यसको गहिराइमा पुग्नको लागि वेदकालीन समाजको अर्कोपाटो 'द्वन्द्व' ग्रस्त परिवेशलाई पनि थाहा पाउनु पर्ने हुन्छ । खासगरी वैदिक आर्यहरू प्रारम्भमा सिन्धक्षेत्र प्रवेश गर्दा पशुचरणको अवस्थामा थिए( सांकृत्यायन, २०६८) । त्यसले उनीहरूलाई घाँसे मैदानको विस्तारीकरण गर्न पर्दथ्यो । त्यस क्षेत्रमा वैदिकआर्यको अतिरिक्त विभिन्न मानव समूहहरू थिए जसलाई द्रविड, दस्यू, अनार्य विभिन्न नामले चिनिन्थ्यो । पशुधनको विस्तारीकरणको रूपमा होस्, सीमा बिस्तार गर्नुहोस्, घाँसे मैदान विस्तार गर्न होस्, विभिन्न स्वरूपमा वेदकालीन समयमा विभिन्न द्वन्द्वगत दृश्यहरू देखिन्छन् (Kosambi 2002) । यी द्वन्द्वको परिणामले गर्दा पशुधनको तथा सीमाको विस्तार मात्र भएन कि यसले गर्दा पितृसत्तात्मक तथा पुरुष केन्द्रित मान्यतालाई झन् बढवा दिइयो । किनकि युद्धको मुख्य जनशक्ति पुरुष थियो, रथ निर्माण, औजार निर्माण तथा प्रविधिको निर्माता पुरुष थियो । जुन युद्धगत परिवेशमा झन् महत्त्वपूर्ण हुन गयो ।

युद्धमा सैन्य मारिँदै जाँदा पुरुष सन्तानको वृद्धि गराउनु पर्ने भयो । पुरुष नहुँदा गण, गोत्र, परिवारको सुरक्षाको खाँचो हुन थाल्यो । पशुधनको विस्तार हुन नसक्ने भयो, महिलाको सुरक्षा, बालवच्चाको सुरक्षा समेतको काममा पुरुषको आवश्यकता बढ्दै गयो ।

यही स्थितिले वेदकालीन समयमा वीर, पराक्रमी, युद्धजयी, बलवान्, वीर्यवान्, सेवादिने, सुरक्षा प्रदान गर्नेजस्ता विशेषण तथा गुणहरूले पुरुषत्व पुकारिन थाल्यो (गौतम, २०६७) । पुरुष भएर मात्र भएन, ऊ बलशाली, सन्तान जन्माउने, शत्रु पराजय गर्ने खालको गुणले युक्त भएको पुरुष हुन पर्‍यो । युद्धमा हारेपछि उनीहरूको परिवार समेत दास बन्नु पर्ने चलनले उसका परिवारका सदस्यहरू पनि आफ्नो परिवारको पुरुष सदस्य बहादुर भएन भने आफू पनि दास बन्नु पर्ने डरले बलवान् पुरुषको अपेक्षा गर्नेस्थिति बन्यो । त्यसैले वेदका अधिकांश ऋचाहरूमा देवतासमक्ष वीरपुत्र पाऊँ भनी स्तुति गरेको देखिन्छ । वेदकालीन समयमा महिलाहरू सुशील, स्वस्थ, बुद्धिमती, कर्तव्यनिष्ठ, ज्ञान सम्पन्न, सत्यरूपी, सन्तानवती, पुत्रवती भइदिए हुन्थ्यो भन्ने अपेक्षा गरिन्थ्यो भन्ने तथ्य ऋग्वेद तथा अथर्ववेदका विभिन्न ऋचाहरूका आशयबाट प्राप्त गर्न सकिन्छ (Altekar, 1959) । वेदकालीन परिवारमा स्त्रीहरू घरको साम्राज्ञी बन्दथे, गृहस्थ धर्मपालन गर्दथे, पति तथा सन्तानको पालनपोषण गर्दथे (कुजुर, १९८२) भन्ने तथ्य प्राप्त भएबाट त्यस समयमा स्त्रीहरू घर परिवार सञ्चालन गर्न विभिन्न उत्पादन तथा श्रममूलक कार्यमा संलग्न रहन्थे भन्ने थाहा हुन्छ । वेदकालीन हरेक सामाजिक तथा सांस्कृतिक कार्यमा याज्ञिक कार्यको थालनी हुन्थ्यो । त्यसैले यज्ञकार्यमा पुरुष सँगसँगै नारीको पनि भूमिका तथा सहभागिता रहने गरेको तथ्यहरू पाइन्छन् (गैरोला, २००४) । विभिन्न संस्कारजन्य कृयाकलापहरूमा पुरुषको सँगसँगै महिलाहरूको पनि सहभागिता तथा संलग्नता रहने गरेको देखिन्छ । वेदकालीन समय युद्ध तथा द्वन्द्वग्रस्त समयको रूपमा रहेको देखिन्छ । महिलाहरू पनि युद्ध तथा द्वन्द्व कार्यमा पुरुषका सहयोगी बनेर संलग्न हुने गरेका तथ्यहरू पनि भेटिन्छन् (ज्ञानी, १९९७) । वेदकालीन समयमा महिलाहरूले घर परिवारको नेतृत्व गर्ने, परिवारका सदस्यहरूको रेखदेख गर्ने, राजनैतिक एकाइको कार्यगर्ने र सभाको सदस्य बन्ने (Sharma, 2005) गरेका सन्दर्भहरूले त्यस समयमा महिलाहरू पनि राजनैतिक नेतृत्वमा संलग्न हुने गरेको तथ्य जाहेर हुन्छ ।

## पुरुषत्व तथा नारीत्व निर्माण र सैद्धान्तिक सादृश्यता

यसरी वेदकालीन समाजिक संरचनाबाट प्राप्त सूचना एवम् तथ्यहरूलाई केलाउँदा त्यस बेलाको पुरुषत्व र नारीत्वको निर्माण प्रक्रिया कार्लमार्क्सले भनेजस्तो साधन स्रोतको विस्तारीकरण र त्यसको स्वामित्व स्थापित गर्ने क्रममा निर्माण हुन्छ भन्ने सैद्धान्तिक मान्यतासँग बढी सादृश्य भएको देखिन्छ । तर कार्ल मार्क्सले भनेजस्तो निश्चित एउटा

वर्गले मात्रसाधन स्रोतको कब्जा गरेर राज्यसत्ताको नेतृत्व लिन्छ भन्ने स्वरूप वेदकालीन समाजमा देखिँदैन । मार्क्सले वर्गको ध्रुवीकरण हुने र मात्र पुँजीपति र सर्वहारा वर्ग रहने र पुँजीपति वर्गले सर्वहारा वर्गमाथि शासन गर्छ भन्ने तर्क गरेका छन् । तर राज्य व्यवस्था निर्माण हुँदै जाँदा राज्यको नेतृत्वलिने वर्गलाई सघाउने वैचारिक एवम् धार्मिक वर्ग पनि निर्माण भएको देखिन्छ । जसले प्रत्यक्ष रूपमा उत्पादनका साधनस्रोत माथिको स्वामित्व ग्रहण नगरेपनि त्यस समूहले निर्माण गरेका नीतिनियमका माध्यमबाट प्रत्यक्ष अप्रत्यक्ष रूपमा राज्य व्यवस्था प्रभावित हुने गर्दछ भन्ने बारेमा मार्क्सवाद मौन देखिन्छ । वेदकालीन समाजमा परिवारबाट कुल, कुलबाट विश, विशबाट जनको रूपमा राज्यका निकाय निर्माण हुँदै जाँदा राज्यको नेतृत्व गर्नेवर्ग राजन्यको रूपमा, विभिन्न धार्मिक एवम् नीति निर्माण गरेर सहयोग पुऱ्याउने पुरोहितवर्गले विकास गरेको यज्ञ परम्परालगायतका विभिन्न मूल्य मान्यताबाट पुरुषत्व र नारीत्वको निर्माण भएको देखिन्छ । यस तथ्यले भने मार्क्सवादी दृष्टिकोणभन्दा भिन्न तथ्यलाई उजागर गरेको देखाउँछ ।

वेदकालीन समाजमा पुरुषत्व र नारीत्व निर्माण गर्नमा साधन स्रोतको विस्तारीकरणको प्रक्रियासँगै स्थापितहुँदै गएको पितृसत्ता, पितृसत्तात्मक नेतृत्व, त्यही नेतृत्वले निर्माण गरेका सामाजिक मान्यताहरूले पनि त्यत्तिकै भूमिका खेलेको देखिन्छ । पितृसत्ता भएको कारणले गर्दा पनि पितृवंशको विस्तारको लागि पुत्रवति स्त्रीलाई उच्च कोटीको नारी मान्ने चलन विकसित हुँदै गएको प्रतीत हुन्छ । पितृसत्ताले महिलाको दमन एवम् शोषण नै गर्दछ भन्ने तर्कसँग वेदकालीन सूचनाले सादृश्यता राखेको देखिँदैन । वेदकालीन समाज पितृसत्तात्मक समाज भए पनि घरको नेतृत्व कार्यमा यज्ञजन्य कार्यमा विश, जन लगायतका राजनीतिक निकायमा, महिलाको संलग्नता एवम् सहभागिता रहने गरेको देखिन्छ । महिलाहरू युद्धको सारथी बनेको, पत्नीविना पुरुष मात्र सहभागी भएर गरिने यज्ञ पूर्ण नहुने गरेका तथ्यले वेदकालीन समाज पितृत्तसत्तात्मक समाज भएर पनि महिलाको स्थानलाई उच्च र सम्मानजनक रूपमा राखेको देखिन्छ ।

मुर्डकले महिलाहरूले गर्भधारण गर्नुपर्ने शारीरिक बोझले गर्दा घर वरपरकै हलुका खालका काममा संलग्न रहनुपर्ने स्थिति रह्यो भन्दै जैविक लिङ्गको आधारमा महिला पुरुषको श्रम विभाजन हुन गएको तर्क गरेका छन् । वेदकालीन समाजका उल्लिखित तथ्यहरूले मुर्डकको यस तर्कसँग सादृश्यता राखेको देखिँदैन । वेदकालीन समाजमा जैविक लिङ्गको आधारमा नभई साधन स्रोतको विस्तारीकरणको क्रम र त्यस परिस्थितिका कारणले विकास हुँदै गएको पितृसत्तात्मक पारिवारिक ढाँचाले महिला पुरुषको स्थान तथा श्रमलाई निर्धाण गरेको देखिन्छ । यो सन्दर्भ मार्क्सवादी तर्कसँग सादृश्य भएको देखिन्छ । त्यसैगरी रविन फक्सले महिला र पुरुषका गुणहरू बायोग्रामर तथा जैविक कार्यक्रमको

आधारमा निर्धारण हुने बताएका छन् । तर वेदकालीन समाजमा फैलिँदै गएको साधन स्रोतको विस्तारीकरणको कार्य त्यसकार्यको क्रममा भएका द्वन्द्वगत परिवेशले पुरुष वलवान, पराक्रमी, युद्धजयी लगायतका गुणले युक्त हुनुपर्ने मान्यता तथा अभ्यास बढ्दै गएको देखिन्छ । यसरी वेदकालीन समाजमा पुरुषत्व र नारीत्वको निर्माण उत्पादनका साधन स्रोतको विस्तारीकरण गर्ने कार्यस्वरूप भएको द्वन्द्वगत परिवेश र त्यसबेलाको पितृसत्तात्मक समाज व्यवस्थाको समन्वयबाट भएको देखिन्छ । पितृसत्तात्मक समाजव्यवस्था भएर पनि महिलाको कदर र सम्मानसमेत हुने गरेको पाइन्छ ।

## दाम्पत्य सम्बन्धको निर्माण

पशुधनको बृहतीकरण, पितृसत्तात्मक पारिवारिक ढाँचा, युद्ध तथा द्वन्द्वग्रस्त परिवेशले वेदकालीन समाजको सामाजिक संरचना निर्धारण गर्दै लग्यो । जसले गर्दा पशुपालन र कृषि उत्पादनको विस्तारीकरण, युद्ध र द्वन्द्वबाट विकास भएको दासप्रथा, औजारको स्तर उन्नति, पितृसत्तात्मक पारिवारिक ढाँचाबाट परिवार- कुल, ग्राम, विश र जनको रूपमा राज्य र राजनैतिक निकायको निर्माण प्रकृयासँगै श्रमको विशिष्टता फैलँदै गयो (Sharma 2005 ) । यसैको फलस्वरूप आर्य र अनार्य (दस्यू) लाई छुट्याउने रङ्गको माध्यम वर्ण व्यवस्थाले वेदकालीन समाजमा श्रमगत वर्गको रूपमा प्रवेश पायो । यसै क्रममा राज्यको नेतृत्व गर्ने वर्ग राजन्य वर्णको रूपमा स्थापित भयो । समाजमा ज्ञान र शिक्षाको कामगर्ने वर्ग पुरोहित तथा ब्राह्मण वर्गको रूपमा, पशुपालन खेतीपाती र उत्पादनको काम गर्ने वर्ग वैश्य र सेवाको कामगर्ने वर्ग शुद्र वर्णको रूपमा स्थापित हुँदै गयो । यसरी समाज सञ्चालनको जिम्मा राजन्य वर्गले लियो भने समाज सञ्चालनका विधिविधान, मूल्य मान्यता बनाउने वर्ग पुरोहितको रूपमा नियुक्त भयो । पितृसत्तात्मक पारिवारिक ढाँचाले गर्दा त्यो वर्गको नेतृत्व पनि पुरुषले नै गर्दथे । त्यसैले त्यसवर्गले आफ्नो वर्गीय हितमा बनाउने, पशुपालन, कृषि उत्पादन एवम् पितृसत्तात्मक पारिवारिक ढाँचाले वेदकालीन समाजको पितृसत्तात्मक सामाजिक संरचना तयार पार्दै लग्यो । अनि समाजमा पितृवश, पुरुष उत्तराधिकार एवम् पितृसत्तालाई सबल र सुदृढ बनाउने, महिलाहरूलाई पुरुषसँग परनिर्भर बनाउने, पुरुषको प्रति मान-सम्मान बढाउने, पुरुषको नेतृत्व र अधिकारलाई हरेकक्षेत्रमा स्थापित हुने खालका विधि विधान, नियम चलन, मूल्य मान्यताहरूको निर्माण हुँदै गए ।

यसै क्रममा उक्त समयमा जीवनको खासअर्थ तीन ऋणतिर्नु र चार लक्ष्यको प्राप्तिसँग सम्बन्धित छ भन्ने मान्यताको विकास भयो । प्रथमतः मानव जीवन प्राप्त गरिसकेपछि देवऋण, ऋषिऋण र पितृऋण तिर्नु पर्दछ भन्ने मान्यताको विकास गरियो । त्यस बेलाका आर्यहरू प्रकृतिसँग बढी प्रभावित थिए (Habib & Vijaya 2009) । प्राकृतिक वस्तुबाट प्राप्त शक्तिप्रति प्रभावित भई आस्था प्रकट गर्दथे । तिनै शक्तिवान् प्राकृतिक

वस्तुलाई विभिन्न प्रतीक स्वरूपमा 'देवता' रूप मानेर पूजा र स्तुति गर्दथे । यसै क्रममा वेदकालीन समयमा आगोको प्रतीकको रूप अग्नि एवम् सूर्य, पानीको प्रतीकको रूपमा वरुण लगायतका विभिन्न देवताहरूको सृजना हुँदै गयो (दीक्षित २०६६) । उनीहरूले देवताहरूलाई पनि पृथ्वी स्थानीय, अन्तरिक्ष स्थानीय, द्यौ स्थानीय (आकाश र पृथ्वी) गरी तीन स्थानमा छुट्याएका थिए ( द्विवेदी, २००८) । पृथ्वी आकाश, अन्तरिक्ष आदि विभिन्न स्थानबाट प्राप्त हुने प्रकृतिको शक्तिलाई देवता हुन् तिनीहरूलाई स्तुति गर्नु मानव जीवनको मुख्यअर्थ रहन्छ भन्ने धारणाको विकास हुँदै गयो । जसबाट देवऋण चुक्ता हुन्छ भन्ने विश्वास विकास हुँदै गयो । त्यसैगरी ऋषि ऋण तिर्नको लागि त्यसबेलाका ऋषि, पुरोहित तथा ब्राह्मण वर्गले देखाएको बाटो हिँड्ने, ज्ञान, तप, यज्ञ, गहन अध्ययन, आदि कार्य गर्नु पर्ने, जसबाट ऋषि ऋण चुक्ताहुने धारणाको विकास हुँदै गयो (सहाय २००४) । त्यसैगरी पितृऋण तिर्नको लागि जसरी बाबुआमाले हामीलाई जन्म दिए, हुर्काए, वढाए, वंश हस्तान्तरण गरे त्यसैगरी हामी आफू पनि दाम्पत्य जीवनमा बाँधिएर, सन्तान प्राप्तगर्नु पर्ने, सन्तानमध्येमा पनि पुत्र नै प्राप्तगर्नु पर्ने, पुत्रले मात्रै पितृकर्म गरेपछि स्वर्ग पुगिने, पुनर्जन्म हुने, अन्यथा पितृकर्मबाट मुक्त हुन नसकिने भन्ने वैचारिक मूल्यको विकास भयो । त्यसैगरी मानिसको जीवनका धर्म, अर्थ, काम र मोक्ष गरी मुख्य चारलक्ष्य हुने र त्यसका लागि धर्म प्राप्तिको लागि ब्रह्मचर्यमा रहनु पर्ने, अर्थ र काम प्राप्तिको लागि गृहस्थ प्रवेश गर्नुपर्ने, मोक्ष प्राप्तिको लागि वानप्रस्थ र सन्यास आश्रममा प्रवेश गर्नुपर्ने धारणाको विकास गरियो (Raja 1993) । यिनै मान्यताभित्र बाँधिएर समाजका पितृऋण तिर्न दाम्पत्य सम्बन्धमा बाधिएर गृहस्थ प्रवेश गर्ने अभ्यास बढ्दै गयो ।

समय बित्दैजाँदा वेदकालीन समाज सिन्धक्षेत्रबाट फैलिदै गंगा यमुनाको क्षेत्र तिर पुग्यो (Thapar 2010)। कृषि उत्पादनको क्षेत्र विस्तारहुँदै गयो। त्यस क्रममा वैदिक आर्य, हिन्दु आर्य, अनार्य लगायतका विभिन्न समूहहरू वा बीचमा सामाजिक अन्तरक्रिया बढ्न थाले । यसले वहिर्विवाहको अभ्यास वढ्न थाल्यो । वर्हिविवाहको कारणले वंशगत शुद्धता, जातीगत शुद्धता हराउने खतरा बढ्दै गयो। वैदिक आर्यहरूमा अन्यभन्दा आफू सर्वश्रेष्ठ हौं भन्ने पहिला देखिकै भावना थियो( मिश्र १९७२)। त्यसैले उनीहरू अन्य अनार्यको सांस्कृतिक कृयाकलापदेखि लिएर हिन्दु आर्यहरूका कार्यहरूलाई नराम्रो ठान्दथे । साङ्कृत्यायन (२०६८) ले हिन्दु आर्यहरूको संस्कृतिमा हुने गरेको शिश्न पूजालाई वैदिक आर्यहरूले घृणा गर्दथे भनी उल्लेख गरेका छन्। थापार (२००१) ले आर्य कुनै मानव प्रजाति नभएर एउटा भाषिक समूह थियो। जो संस्कृतभाषा बोल्दथे। उनीहरूको आफ्नो भाषाप्रति निकै मोह थियो। आफ्नो पहिचानको गर्व थियो । वहिर्विवाहको कारण भाषिक शुद्धता हराउने खतरा पैदा भयो भनेकी छन् । यसरी बहिर्विवाहको माध्यमबाट हरण तथा राक्षसी, प्रतिलोम खालका दाम्पत्य सम्बन्ध स्थापित

हुन थालेका थिए (Majumdar 1996) । त्यही बहिर्विवाहको खतराबाट जोगाउनका लागि विवाहका विशिष्ट विधि र प्रकृयाको विकास हुँदै गयो । यसरी वंश तथा प्रजातीय शुद्धता, विवाहको स्थायीपन, पेसाको रूपमा कर्मकाण्ड अभ्यासमूलक कार्यहरूबाट वेदकालीन समाजमा एकातर्फ वंश तथा प्रजाति शुद्धता टड्कारो बन्दै गयो भने अर्कोतर्फ पितृसत्तात्मक सोचले स्त्रीका लागि स्थायी विवाहको आवश्यकता निर्माण हुँदै गयो (Altekar 1993) । त्यस कार्यका लागि निश्चित यज्ञ विधानको प्रकृयामा समावेश गराउँदै वाचा कसम खुवाएर विवाहलाई स्थायी बनाउने क्रम पनि सँगै जोडिएर आयो । यसै सोचसँग प्रजाति शुद्धताको लागि बाबुआमाले खोजेर गरिदिएको विवाहमा वर-वधू नै स्थायी रूपमा रहने । वरले पनि स्वेच्छाले वंश आचरण (यसलाई वर्ण आचरणको रूपमा पनि प्रयोग गरिँदै लगियो) वाहिर गएर विवाह गर्न नपाओस् भन्ने हेतुले कन्यादान, सप्तपदी, पाणिग्रहण अश्मारोहण, गृह प्रवेश लगायतका वैवाहिक संस्कारजन्य विधिको (Apte 1978) माध्यमबाट बाबुआमाको आशीर्वाद लिएर विवाह गर्ने परम्पराको थालनी भयो ।

वेदकालीन समाजमा दाम्पत्य सम्बन्ध स्थापित गर्ने क्रममा स्वयंवर, अग्नि परिणयन, पाणिग्रहण, सप्तपदी, अश्मारोहण, कन्यादान, गृह प्रवेश, दाइजो लगायतका विभिन्न संस्कारजन्य प्रकृयाहरू सम्पन्न गरिन्थ्यो (Apte 1993) भन्ने तथ्यबाट त्यस समाजको दाम्पत्य सम्बन्धको एकीकरण, सहकार्य, एकीकृत भूमिकालाई प्रस्तुत गरेको देखिन्छ । स्वयंवर कार्यबाट तिमीहरू हाम्रा करकापमा होइन आफ्नो लागि वर-वधू छनोट गर्न स्वतन्त्र छौ र तिम्रो छनौटमा यो कार्य आरम्भ हुन्छ भन्ने सन्देश र भावनाको विकास गराउन खोजेको देखिन्छ । पितृसत्तात्मक समाज भएकाले वर छान्ने क्रममा पिताको भूमिका बढी भए पनि छोरीले स्वीकार नगरी विवाह कार्य अगाडि बढ्दैन भन्ने अर्थमा विवाहको प्रारम्भमा नै स्वयंवर प्रकृया सम्पन्न गर्ने गरेको देखिन्छ । त्यस समयमा संस्कारजन्य कार्य र यज्ञको बीचमा अन्तरसम्बन्ध रहेको थियो । त्यसैले विवाह कार्यमा पनि यज्ञमा अग्निको स्थापना गरेर त्यही अग्निलाई साक्षी राखेर दुवै वर वधूको सम्बन्ध स्थापित गर्ने कार्य हुन्थ्यो । अग्नि परिणयनमा अग्निलाई आगोको प्रतीक बनाएर आगोले पनि यी दुईबीचको आपसी सम्बन्ध टुटाउन नसकोस्, स्थायी सम्बन्धको सुरुवात होस् भन्ने अर्थमा प्रयोग गरेको देखिन्छ । त्यही अग्निलाई साक्षी राखेर जीवनभर म तिम्रो साथमा रहन्छु, म यही वाचा कसमको साथ म तिम्रो हात समाउने अनुमति माग्छु भन्ने भाव पाणिग्रहणमा पाइन्छ । यस प्रकृयाले पनि एकीकृत दाम्पत्य सम्बन्धलाई देखाउँदछ । सप्तपदी, लावा होमले पनि अग्निको बीचको वाचालाई देखाउँदछ । यज्ञको परिक्रमाबाट वर वधूको एक अर्का बीच अन्तर्क्रिया आपसी आत्मीय सम्बन्धभाव जागृत हुँदै जाओस् भन्ने ठानी कृषि युगको महत्त्वपूर्ण उत्पादन धानको प्रतीक लावा अग्निमा अर्पण गरिन्थ्यो (Bharagva 1994) । वेदकालीन समयमा

भैरहने द्वन्द्व तथा शत्रु आक्रमणबाट प्रतिरोध गर्न हामी दुवै सक्षम होऔं, यस ढुङ्गालाई कुल्चे झैं गरी हामी हाम्रो जीवनमा शत्रुहरू एवं विघ्न वाधाहरूलाई कुल्चन सकौं भन्ने भावमा अश्मारोहण (ढुङ्गा माथि चढाउने) प्रकृया पूरा गरिन्थ्यो (सहाय २००४, र दुवे, २००९) । यही अश्मारोहणको प्रक्रियाअन्तर्गत वधूको खुट्टाको औंलामा वरले पूजा गर्ने प्रकृयाले पति पत्नीको सेवक पनि हो, एक अर्काका सहयोगी होऔं भन्ने भावनाको विकास भएको देखिन्छ । वेदकालीन समयमा युद्ध र द्वन्द्वबाट हराएपछि जवर्जस्ती कन्याहरूलाई हरण गरेर विवाह गर्ने चलन थियो । त्यस्तो कार्यगरी पत्नी ल्याउनुलाई संस्कारजन्य रूपमा उपयुक्त ठानिँदैनथ्यो । त्यसैले वधूलाई उनको पिताकूलबाट अर्पण गरेपछि मात्र ग्रहण गर्नुले वरलाई कन्यादानको दोष लाग्दैनथ्यो, (जोशी १९८८) । त्यसैले हरेक वरले कन्यादान लिएर मात्र वधू लैजाने चलन थियो । सामाजिक गतिशीलतासँगै यिनै संस्कारजन्य कार्यहरू सामाजिक नियन्त्रणका साधनहरूको रूपमा विकास भए । संस्कारजन्य प्रकृया पूरा नगरी गरिने कार्यबाट धर्म प्राप्ति नहुने, पवित्रता नरहने, उच्च हैसियत कायम नरहने । त्यस्तो कायम नगर्नेलाई स्तर अवनति गर्ने मान्यताको विकासहुँदै गयो । यिनै विधि प्रकृया स्वरूप ब्रह्म, दैव, आर्ष एवम् प्रजापत्य रूपका विवाहबाट दाम्पत्य स्थापित हुन थाल्यो । यस खालका विवाहलाई उच्चकोटीको विवाह मानिन थाल्यो । दाम्पत्य सम्बन्धका यिनै विभिन्न संस्कारजन्य कार्यहरूको अभ्यासहुँदै जाँदा दम्पतीबीच एकीकृत कार्यविधि, आपसी सहकार्यपूर्ण जीवन, दाम्पत्य निष्ठा तथा मर्यादाको विकास हुँदै गयो ।

## दाम्पत्य सम्बन्धको निर्माण र सैद्धान्तिक सादृश्यता

वेदकालीन समाजको दाम्पत्य सम्बन्ध अन्तर्गतका उल्लिखित सूचनाहरूलाई केलाउँदा दाम्पत्य सम्बन्धका तथ्यहरू मार्क्सवादी दृष्टिसँग बढी सादृश्य रहेको देखिन्छ । त्यस समाजमा निर्माण हुँदै गएको राज्यव्यवस्थाको नेतृत्व राजन्य वर्गले लिएको (जसलाई वेदमा राजन्य वर्णको रूपमा उल्लेख गरिएको छ) । त्यसको सहयोगी वर्गको रूपमा पुरोहित वर्ग रहेको जसले धार्मिक एवम् सांस्कृतिक नीति नियमहरूको निर्माण गर्दथ्यो । त्यस वर्गले वैदिक आर्यको सांस्कृतिक पहिचानलाई कायम राख्ने गरी निर्माण गरेका विभिन्न संस्कारजन्य विधि विधानहरूको पालन र अभ्यासहुँदै जाँदा वेदकालीन समाजमा एकीकृत दाम्पत्य सम्बन्धको स्वरूप विकासहुँदै गएको देखिन्छ ।

कार्ल मार्क्सले उत्पादन पद्धतिले समाजको आधार संरचनाको निर्माण गर्दछ र आधार संरचनाको जगमा खडा भएको उपरी संरचनाले निर्माण गरेका विभिन्न विधि विधानबाट समाज व्यवस्था सञ्चालन हुन्छ भन्ने कुरासँग वेदकालीन समाजका उल्लिखित तथ्यहरूले सादृश्यता राखेका छन् । तर मार्क्सले समाज व्यवस्थाको नेतृत्वगर्ने वर्गले निर्माण गरेका विधि विधानले शासित वर्गलाई शोषण गर्दछ । जसले गर्दा शासितवर्ग सधैं त्यसको

विरुद्धमा हुन्छ भन्ने कुरासँग वेदकालीन समाजको तथ्यहरू त्यति सादृश्य भएको देखिँदैन । वेदकालीन समाजमा पुरोहित वर्गले निर्माण गरेको संस्कारजन्य विधि विधानबाट दाम्पत्य द्वन्द्वभन्दा पनि दाम्पत्य निष्ठा र मर्यादा कायम गरेको देखिएको छ । त्यसैगरी कार्ल मार्क्सले साधन स्रोतको स्वामित्वको आधारमा मात्र वर्गको निर्माण हुने र वर्गीय ध्रुवीकरणबाट राज्य व्यवस्थाको निर्माण हुने बताएको कुरासँग वेदकालीन समाजका तथ्यहरू त्यति सादृश्य भएको पाइएन । वेदकालीन समाजमा वैचारिक शक्तिका आधारमा पुरोहितवर्ग प्रभुत्वशाली बन्दै विधि विधान निर्माता बनेको देखिन्छ । त्यसैगरी वेदकालीन समाजमा मार्क्सले भनेजस्तो हुने र नहुने वर्गको मात्र निर्माण नभएर राजन्य, पुरोहित, विश र शुद्र वर्गको अस्तित्व रहेको देखिन्छ ।

वेदकालीन समाजअन्तर्गत दाम्पत्य सम्बन्धका सूचनाहरूले प्रदान गरेका तथ्यहरू उग्रनारीवादी दृष्टिकोणले अघि सारेका तथ्यहरूसँग बढी सादृश्य भएको देखिँदैन । उग्र नारीवादीहरू पुरुष सत्ताका कारणले गर्दा सधै महिलामाथि दमन शोषण हुने गर्दछ भन्ने तर्क गर्दछन् तर वेदकालीन समाज पितृसत्तात्मक समाज भएर पनि त्यस समाजमा निर्माण भएका स्वयंवर, सप्तपदि, कन्यादान, अश्मारोहण लगायतका संस्कारजन्य कार्यले महिलाको सम्मान, सहभागिता र प्रतिष्ठा बढाएको देखिन्छ । जबर्जस्ती महिलाको हरण गरेर विवाह गर्ने चलनलाई रोक्न कन्यादान विधिको विकास भएको देखिन्छ । अर्काकी छोरी जबर्जस्ती गरेर विवाह गर्ने परम्परालाई नियन्त्रण गर्न बाबु आमाबाट कन्यादान लिएर मात्र विवाह गर्ने परम्परा बसाल्न कन्यादानको संस्कारजन्य विधि निर्माण भएको देखिन्छ । यसले त्यस समयमा महिलाको हरणलाई नियन्त्रण गर्न सहयोग पुऱ्याएको थियो । वर वधूको सेवक पनि हो भन्ने मान्यतामा अश्मारोहण विधिको निर्माण भएको देखिन्छ । यी तथ्यहरूले पितृसत्तात्मक समाजमा पनि महिलाको सम्मान कदर गरिन्थ्यो भन्ने देखाउँछ ।

## निष्कर्ष

वेदकालीन सामाजिक संरचना पशुपालन र पितृसत्तात्मक स्वरूपको भएकाले वेदकालीन परिवार एवम् राज्यमा पुरुष वंश र नेतृत्व स्थापित भएको पाइयो । त्यही वंश र नेतृत्वले साधन स्रोतको बिस्तार गर्दथ्यो । त्यसैले गर्दा साधन स्रोतको बिस्तार कार्यमा पुरुषको संलग्नता रहन्थ्यो । उक्त प्रक्रियामा हुने विभिन्न युद्ध तथा द्वन्द्वगत कार्यको लागि पुरुष सैन्य शक्तिको स्रोतको रूपमा रहेको थियो । जसले गर्दा सन्तानवती, पुत्रवती, कर्तव्यपरायण स्त्री र बलवान्, धनवान्, युद्धजयी, बहादुर, पराक्रमी पुरुषलाई उच्चकोटीको रूपमा मानिन्थ्यो । उत्पादन तथा श्रममूलककार्य अन्तर्गत घरायसी कार्यमा महिलाको र बाह्य काममा पुरुषको संलग्नता बढी रहने गरेको देखिए पनि यज्ञ, संस्कार, युद्ध एवम् राजनीतिक कार्यमा महिला पुरुष दुवैको सहभागिता रहेको देखिएको छ । वेदकालीन सामाजिक संरचना पशुपालन र

पितृसत्तात्मक ढाँचाको स्वरूपमा रहेकाले उल्लिखित स्थिति निर्माण हुन गएको देखिन्छ। साधन स्रोतको विस्तार र राज्य व्यवस्थाको निर्माणसँगै नेतृत्वमा स्थापित भएको राजन्य एवं पुरोहितवर्गले वैदिक आर्यहरूको प्रजातीय शुद्धता कायम राख्ने हेतुले निर्माण गरेका विभिन्न संस्कारजन्य विधि विधानहरूप्रतिको विश्वास र अभ्यासबाट वेदकालीन समाजमा एकीकृत भूमिका, निष्ठा र मर्यादा सहितको दाम्पत्य सम्बन्धको विकास गराएको देखिन्छ। वेदकालीन संरचना पशुपालनमा आधारित उत्पादन पद्धति र पितृसत्तात्मक पारिवारिक ढाँचामा निर्माण भैरहेको थियो। जसले गर्दा वेदकालीन समाजमा पशुधन एवम् जमिनको बृहतीकरण अनिवार्य थियो। यस खालको सामाजिक प्रकृयाले आर्जित साधन स्रोतको संरक्षण र हस्तान्तरणका लागि सन्तानको महत्त्व रहने गर्दथ्यो जसले गर्दा दाम्पत्य सम्बन्धमा अनुवन्धित हुनेकुरा बढी महत्त्वपूर्ण र अनिवार्य बनेको थियो।

## सन्दर्भ सामग्रीसूची

गौतम, प्रसन्नचन्द्र (२०६७). *ऋग्वेद संहिता,* (अनु. सम्पा.) काठमाडौं : कुलचन्द्र गौतम स्मृति संस्था।

दीक्षित, मदनमणि (२०६६). *त्यो युग,* क्यानडा : देव ग्रुप इन्टरन्याशनल।

सांकृत्यायन, राहुल (२०६८). *भोल्गादेखि गंगासम्म,* (नारायणप्रसाद आचार्य, अनु.), नेपालः नेपाली भाषा एवम् व्याकरण संरक्षण प्रतिष्ठान।

वैद्य, मोहन (२०७४). *हिमाली दर्शन,* काठमान्डौं : साझा प्रकाशन।

काणे, वामन पाण्डरंग (सन् १९९२). *धर्मशास्त्रका इतिहास,* उत्तरप्रदेशः हिन्दी संस्थान, लखनऊ।

कुजुर, एस. (सन् १९८२). *वैदिक एवम्धर्म शास्त्रीय साहित्य में नारी,* बनारस : विश्वविद्यालय प्रकाशन।

गैरोला, वाचस्पति (सन् २००४). *वैदिक साहित्य और संस्कृति,* दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान।

ज्ञानी, शिवदत्त (सन् १९९७). *वेदकालीन समाज,* बनारस : चौखम्बा विद्या भवन।

जोशी, महेषचन्द्र (सन् १९८८). *प्राचीन भारतमा दाम्पत्य मर्यादा,* वनारसः भारत।

थापर, रोमिला (सन् २००१). *प्राचिन भारतका इतिहास,* दिल्लीः ग्रन्थशिल्पी (इण्डिया) प्रा.लि.।

द्विवेदी, कपिलदेव (सन् २००८). *वैदिक साहित्य एवं संस्कृति,* वनारसः विश्वविद्यालय प्रकाशन।

दुवे, एच.एन. (सन् २००९). *भारतीय संस्कृति,* इलाहावाद : शारदा पुस्तक भवन

मिश्र, द्वारकाप्रसाद (सन् १९७२). *भारतीय आद्य इतिहासका अध्ययन,* (अनु.कृष्णदत्त बाजपेयी) भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

सहाय, शिवस्वरूप (सन् २००४). *प्राचीन भारतका सामाजिक एवम् आर्थिक इतिहास,* दिल्ली : मोतीलाल वनारसीदास ।

Altekar, A. (1959). The position of women in hindu civilization. Delhi: Motilal Banarasidass.

Altekar, A. (1993). Vedic society: The cultural heritage of India. Calcutta: Ramakrishna Mission, Institute of Culture.

Apte, V (1993). Vedic Rituals: The cultural heritage of India. Calcutta: Ramakrishna Mission, Institute of Culture.

Apte, U. M. (1978). The sacrament of marriage in hindu society. Delhi: Aganta Publications.

Bharagva, P.L (1994). Vedic religion and culture. New Delhi, DK Print world.

Coser, L. A. (1996). Masters of sociological thought. New Delhi: Rawat Publications.

Das, A.C. (1972). Rigvedic India. Calcutta: R Cambray and Co.

Engels, F. (1902). *The orign of the family, private property and the state,* Chicago: Charles H.Kerr &Co.

Farley, J. (1999). *Sociology.* New Jersey: Prentice Hall, Englewood-cliffs.

Habib, I. & Vijay, K. (2009). *The vedic age.* New Delhi: Tulika Books.

Haralambos, M. & Heald R.M. (2010). *Sociology.* New Delhi: Oxford University Press.

Harris, M. (1971). *Culture, man, nature.* New York: Crowell.

Kosambi, D.D. (2002). *Indian history.* Bombay: Popular Prakasan.

Majumdar, R.C. (1996). *The vedic age.* Mumbai: Bhartiya Vidya Bhavan

Marx, K. & Engels, F. (1969) *Selected works*. Moscow: Progress Publishers.

Matson, R. (2005). *The spirit of sociology.* Singapore: Pearson Education pvt. Ltd.

Ollenburger, J. C. & Moore, H. (1992). *A sociology of women.* New Jersey, America: Prentice Hall.

Raja, C. K. (1993). *Vedic culture.* The Cultural Heritage of India. Calcutta: Ramakrishna Mission, Institute of culture.

Sharma, R. (2005). *Aspects of political ideas and institutions in ancient India.* Delhi: Motilal Banarasidas Publishers.

Thapar, R. (1978). *Ancient Indian social history.* New Delhi: Orient Longman.

Thapar, R. (1992). *Interpreting early India.* New York: Oxford University Press Oxford.

Thapar, R. (2008 a). *The aryan.* New Delhi: Three Essays Collective.

Thapar, R. (2008 b). *From lineage to state.* New Delhi: Oxford University Press.

Thapar, R. (2010). *Cultural pasts.* New Delhi: Oxford University Press.

Walby, S. (1990). *Theorizing patriarchy.* USA, Cambridge, Basil Blackwell Ltd.